# ग्रामथान गाउँपालिका
## Gramthan Rural Municipality
### गाउँ कार्यपालिकाको कार्यालय
### Office Of Rural Municipal Executive

पत्र संख्या : २०७८/०७९
**Ref.No :2078/079**
चलानी नं. : ३२

तेतरिया,मोरङ्
**Tetariya,Morang**
प्रदेश नं. १, नेपाल
**Province no.1, Nepal**

मितिः-२०७८-०४-०४

**सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण सम्वन्धि अत्यन्त जरुरी सूचना।**

प्रस्तुत विषयमा **सामाजिक सुरक्षा नियमावली २०७६** को नियम ९ अनुरुप प्रत्येक आर्थिक वर्षको श्रावण मसान्तभित्र नविकरण गर्नुपर्ने व्यवस्था रहेकोमा **समाजिक सुरक्षा (पहिलो संशोधन) नियमावली,२०७७** ले नियम ९ लाई संशोधन गर्दै "साउन मसान्त" भन्ने शब्दलाई "कार्तिक मसान्तसम्म" भनी संशोधन गरिएको र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ दफा ४ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले चालु आ.ब. ०७८।०७९ मा पनि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न कार्तिक मसान्तभित्र परिचयपत्र नविकरण गर्नका लागी सम्वन्धित लाभग्राहीहरुले आ-आफ्नो वडा कार्यालयमा गई परिचयपत्र नविकरण गराउनु हुनको लागि यो सुचना प्रकाशित गरिएको छ। बालबालिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजका आमा,बुवा,संरक्षक/माथवर को उपस्थितिमा नविकरण गराउन सक्ने छन्।

नोटः- **तोकिएको समयमा नविकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्राप्त हुने छैन।**

परिचय पत्र नविकरण गर्ने अन्तिम मिति कार्तिक मसान्तसम्म भएतापनि आ.ब.०७८।०७९ को पहिलो चौमासिकको भत्ता प्राप्त गर्न कार्तिक अगावै नविकरण गरि सक्नहुन अनुरोध छ।

**परिचय पत्र नविकरण गर्ने आउदा ल्याउनु पर्ने कागजात वा वडा सचिवले संकलन गर्नुपर्ने कागजातहरुः-**

- भत्ता प्राप्त गर्ने व्यक्तिको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
- बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि।
- बिधुवा महिलाको हकमा पतिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि साथै अर्को विवाह नगरेको वडाको सिफारिस पत्र।
- सम्बन्ध बिच्छेद गरी अर्को विवाह नगरेकी महिला (६० वर्ष माथि) को हकमा सम्वन्ध बिच्छेद दर्ताको प्रमाणपत्र साथै अर्को विवाह नगरेको वडाको सिफारिस पत्र।
- न्यायिक पृथकीकरण गरी बसेका महिलाको हकमा न्यायिक पृथकीकरण भएको प्रमाण (६० वर्ष माथि)।
- अविवाहित एकल महिलाको हकमा विवाह नगरेको वडाको सिफारिस पत्र (६० वर्ष माथि)
- अपाङ्गता भएका व्यक्तिको हकमा गाउँपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि।
- सम्पूर्ण लाभग्राहीहरुको एक प्रति पासपोर्ट साइजको फोटो।
- सम्वन्धित बैङ्कमा खोलिएको बैंक खाता नं. नविकरण फारममा अनिवार्य भरेको हुनु पर्ने।

बोद्यार्थःश्री सबै वडा कार्यालय, ग्रामथान गाउँपालिका
(निवेदन प्राप्त लाभग्राहीहरुको मात्र नविकरण गर्नुहुन।)

............................
गणेश बहादुर कार्की
प्रमुख प्रशासकिय अधिकृत

ग्रामथान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नेतरीया, मोरङ
प्रदेश नं. १, नेपाल

**४. परिचयपत्र नवीकरणः** (१) सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले चालु आ.व. मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न चाहेमा नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र अनुसूची -२ बमोजिमको ढाँचामा सम्बन्धित वडा कार्यालयमा नवीकरणको लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परेको निवेदनमा लाभग्राही स्वयम् उपस्थित भई निवेदन गरेको भए निजको दस्तखत/सहिछाप रुजु गरी वडा समितिमा पेश गर्ने र वडा समितिबाट नवीकरण भई आए पश्चात प्रणालीमा प्रविष्टि गरी लाभग्राही परिचयपत्र नवीकरण गर्नु पर्नेछ।

(३) संरक्षक वा माथवर वा स्याहार सुसार गर्ने व्यक्ति मार्फत निवेदन पेश गरेको भए निजको सनाखत गराई वडा सचिवले निवेदन रुजु गरी रित पुगेको भए वडा समितिमा पेश गर्ने र वडा समितिबाट नवीकरण भई आए पश्चात प्रणालीमा प्रविष्टि गरी लाभग्राही परिचयपत्र नवीकरण गर्नु पर्नेछ। रित नपुगेको भए लिखित कारण सहित निवेदकलाई फिर्ता गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको निवेदन फाराम स्थानीय तहले वडा कार्यालयबाट निःशुल्क उपलब्ध गराउनु पर्नेछ।

(५) नवीकरण गरिएका लाभग्राहीको अभिलेखको सूची अनुसूची -३ बमोजिमको ढाँचामा राख्नुपर्नेछ।

(६) उपदफा (१) बमोजिमको म्यादभित्र नवीकरण नभएका लाभग्राहीको लगत कट्टा गरिनेछ। निजले पुनःलाभग्राहीमा सूचिकृत हुन चाहेमा ऐनको दफा १२ बमोजिम निवेदन दिन सक्नेछन्।

**५. नवीकरणको विवरण अद्यावधिक गर्नेः** (१) स्थानीय तहले प्रत्येक आर्थिक वर्षको लागि कार्तिक मसान्तभित्र नियमावलीको नियम ९ बमोजिम लाभग्राहीको नवीकरणको अभिलेख अनिवार्य रुपमा प्रणालीमा अद्यावधिक गर्नुपर्नेछ।

गणेश बहादुर कार्की
प्रमुख प्रशासकीय अधिकृत